संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ३ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:२० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले संखुवासभा, तेह्रथुम, ताप्लेजुङ र पाँचथर लगायत पूर्वी पहाडमा अविरल वर्षाका कारण आएको बाढीले ठूलो धनजनको क्षती भएको, हाइड्रो पावरका २५ जनाभन्दा बढी मजदुरहरु वेपत्ता भएकोले माननीय गृहमन्त्रीले उक्त विपद्को अवस्थाको सदनमा जानकारी गराउनु पर्ने, नागरिकता नपाएको कारणले आत्महत्या गर्नेक्रम बढेकोले सरकारले यस तर्फ ध्यान दिनु पर्ने, फास्ट ट्रयाकबाट राहदानी बनाउने प्रणाली विकास गर्नुपर्ने, किसानहरुले आफुले उत्पादन गरेका तरकारीको लागत अनुसारको बजार मूल्य नपाएर सडकमा तरकारी फालेर आन्दोलन गर्न बाध्य भएकोले सरकारले बजारको सुनिश्चितताको दायित्व लिनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री दिपक खड्का
२. मा० श्री योगश कुमार भट्टराई
३. मा० श्री राम कुमार राई
४. मा० श्री अशोककुमार चौधरी
५. मा० श्री अव्दुल खान
६. मा० श्री अम्मरबहादुर थापा
७. मा० श्री महेशकुमार वर्तौला

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डोल प्रसाद अर्याल
३. मा० श्री तारा लामा तामाङ
४. मा० डा० तोसीमा कार्की
५. मा० श्री दयाल बहादुर शाही
६. मा० श्री दामोदर पौडेल बैरागी
७. मा० श्री दिपक बहादुर सिंह
८. मा० श्री दिलेन्द्र प्रसाद बडू
९. मा० श्री दुर्गा राई
१०. मा० श्री दिपा शर्मा
११. मा० श्री धन बहादुर बुढा
१२. मा० श्री ध्रुब बहादुर प्रधान
१३. मा० श्री नवल किसोर साह सुडी
१४. मा० श्री नारायण प्रसाद आचार्य
१५. मा० श्री नागिना यादव
१६. मा० श्री नारायणी शर्मा
१७. मा० श्री निशा डांगी
१८. मा० श्री पुष्पबहादुर शाह
१९. मा० श्री पूर्णबहादुर घर्ती मगर
२०. मा० श्री प्रतिमा गौतम
२१. मा० श्री प्रतिक्षा तिवारी
२२. मा० श्री प्रदिप पौडेल
२३. मा० श्री प्रभु शाह
२४. मा० श्री प्रभु हजारा दुषाध
२५. मा० श्री प्रेमबहादुर महर्जन
२६. मा० श्री बासुदेव घिमिरे
२७. मा० श्री बिन्दवासिनी कांसकार
२८. मा० श्री विनिता कठायत

तत्पश्चात् माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री प्रकाश ज्वालाले आकस्मिक, शून्य र अन्य समयमा सदनमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफल प्रारम्भ हुनासाथ माननीय श्री महेश कुमार वर्तौलाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त वार्षिक विकास कार्यक्रम समावेश भएको पुस्तकमा प्रदेश सभाले नामाकरण गरिसकेको नाम उल्लेख नगरी प्रदेश नम्बर लेखिएर आएकोले उक्त पुस्तकमा प्रदेशको वास्तविक नाम उल्लेख भएर आएपछि मात्रै सो मन्त्रालयको विनियोजन शीर्षकहरुमाथिको छलफल हुनेगरी आजको कार्यसूचीबाट हटाउन माग गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीलाई यस विषयमा स्पष्ट पार्न समय दिनुहुँदा उहाँले उक्त पुस्तकमा प्रदेशको नाम उल्लेख गरी सच्याएर माननीय सदस्यहरुलाई पुनः वितरण गरिने गर्ने जानकारी गराउनु भएपछि सम्माननीय सभामुखले कार्यक्रम अगाडी बढाउन खोज्नुहुँदा माननीय श्री महेश कुमार वर्तौलाले पुस्तिका सच्चिएर नआएसम्म छलफल हुन सक्दैन भन्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत आज संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समेत निर्धारण भएकोमा उक्त मन्त्रालयबाट प्राप्त वार्षिक विकास कार्यक्रम समावेश भएको पुस्तकमा प्रदेशको नाम उल्लेख नभई अङ्कमा राखेकोले अन्यौलता भएको हुँदा आजको कार्यसूचीबाट उक्त मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलको कार्यक्रम कार्यसुचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको जारी छलफलमा सङ्घीय मामिला तथा सामान्य प्रशासन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

१. मा० श्री लिला नाथ श्रेष्ठ
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री प्रेम सुवाल

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभयो ।

१. मा० श्री बद्री प्रसाद पाण्डे
२. मा० श्री भिम प्रसाद आचार्य
३. मा० श्री विमला सुवेदी
४. मा० डा० चन्दा कार्की (भण्डारी)
५. मा० श्री अनिशा नेपाली
६. मा० श्री रन्जु कुमारी झा
७. मा० श्री प्रेम बहादुर आले
८. मा० श्री विनिता कुमारी सिंह
९. मा० श्री लाल विर चौधरी
१०. मा० श्री प्रभु साह
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री योगेन्द्र मण्डल
१३. मा० श्री रामहरि खतिवडा
१४. मा० श्री विद्या भट्टराई
१५. मा० श्री रणेन्द्र बराली
१६. मा० डा० तोसिमा कार्की
१७. मा० श्री गिता बस्नेत
१८. मा० श्री अम्मर बहादुर थापा
१९. मा० श्री प्रदिप पौडेल
२०. मा० श्री राजेन्द्र कुमार राई
२१. मा० श्री दुर्गा राई
२२. मा० श्री बुद्धिमान तामाङ
२३. मा० श्री राजेन्द्र कुमार के.सी.
२४. मा० श्री मेनका कुमारी पोखरेल
२५. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२६. मा० श्री देव प्रसाद तिमलसेना
२७. मा० श्री दामोदर पौडेल बैरागी
२८. मा० श्री संजय कुमार गौतम
२९. मा० श्री हेमराज राई
३०. मा० श्री लिला देवी बोखिम लिम्बु
३१. मा० श्री नारायण प्रसाद आचार्य
३२. मा० श्री राम शंकर यादव
३३. मा० श्री सम्झना थापलिया
३४. मा० श्री प्रेम बहादुर महर्जन

यसै क्रममा माननीय श्री दुर्गा राईले बोल्ने क्रममा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ को (ख) प्रतिकुल अभिव्यक्ति दिनु भएको भनी माननीय श्री प्रतिक्षा तिवारीले नियमापत्ति गर्नुहुँदै माननीय श्री दुर्गा राईको अभिव्यक्ति संसदको रेकर्डबाट हटाउन माग गर्नु भएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१ को खण्ड (ख) अनुसार सभामुखले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक सभामुखको आचरणको आलोचना गर्न नहुने भन्ने व्यवस्था प्रति माननीय सदस्यहरुको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० अन्तर्गत सङ्घीय मामिला तथा सामान्य प्रशासन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम समाप्त भएको र विनियोजन विधेयक, २०८० अन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८० असार ४ गतेको बैठकमा हुने, साथै आजको दैनिक कार्यसूचीबाट हटाईएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलको कार्यक्रम २०८० साल असार ८ गतेको लागि निर्धारण गरेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ४ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:३० बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव